**मिति २०७६ साल असोज ०९ गते बिहिबारका दिन बिहानको ७:०० बजे यस नगरपालिकाको ३८ औं कार्यापालिका बैठकका निर्णयहरु।**

**निर्णय नं. १ : शुभकामना आदान प्रदान सम्बन्धमा ।**

नजिकिदै आएका नेपालीहरुको महान चाडहरु बडा दशै, शुभ दिपावली, छैठ, ईद लगायतका सम्पूर्ण चाडपर्वहरुको उपलक्ष्यमा देश तथा विदेशमा रहनु भएका नेपाली जन तथा सम्पूर्ण नगरवासीहरुको शुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २ : सवारी चालक, बारुणयन्त्र सहयोगी र नगरप्रमुखको सुरक्षा गार्डको खाना/खाजा खर्च सम्बन्धमा ।**

यस नगरपालिकामा कार्यारत सवारी चालक, ब्याकहो लोडर अपरेटर, वारुणयन्त्र सहयोगीलाई खाजा तथा खाना खर्चका लागि गत आर्थिक बर्ष देखी दिईदै आएको रकम रु ६०००।०० लाई दुई हजारले बढोत्तरी गरी रु ८०००।०० बनाउने र नगरप्रमुखका सुरक्षा गार्ड (पीएसओ) लाई समेत उक्त सुविधा चालू आ.व.को श्रावण १ देखी नै लागू हुने गरी प्रदान गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ३ : विद्यालयको विषय तथा कक्षा थप स्वीकृति सम्बन्धमा ।**

यस नगरपालिकाको शिक्षा शाखा अर्न्तगत कक्षा थपको अनुमतिका लागि दर्ता हुन आएका सुकुना मा.वि, सुन्दरहरैंचा-१०, र टेण्डरफिट बोर्डिङ स्कुल सुन्दरहरैंचा-४ ले विषय थप र पूर्वाञ्चल पब्लिक एकेडेमी सुन्दरहरैंचा-४ र कसमस चिल्ड्रेन एकेडेमी सुन्दरहरैंचा-३ लाई कक्षा थप अनुमति प्रदान गर्ने निर्णय गरेको हुदाँ उक्त निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ : बजार अनुगमन सम्बन्धमा ।**

नजिकिदै गरेको बडादशैं, शुभदिपावली, छठ लगायतका नेपालीहरुको चाडबाडलाई मध्यनजर गर्दै यस नगरपालिका क्षेत्र भित्र सञ्चालन भएका ब्यवसायहरुको उपभोक्ताहरुको हित संरक्षण, गुणस्तर, सरसफाई समेतलाई मध्यनजर गरि सुन्दरहरैंचा नगरपालिकाको बजार अनुगमन निर्देशिका २०७४ बमोजिमको समितिबाट अनुगमन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : मर्मत सम्बन्धमा।

नजिकिदै गरेको चाडबाडलाई मध्यनजर गर्दै नगरक्षेत्र भित्र रहेका ग्राभेल सडकहरु वर्खायामका कारणले गर्दा यातायात आवत जावतमा समस्या भएकाले उक्त कुरालाई मध्यनजर गर्दै अधिल्लो आ.ब. को मौज्दात रकम मध्येबाट तपशिल बमोजिमका वडाहरुका विभिन्न बाटाहरुलाई बाटो मर्मत गर्न रकम विनियोजन गर्ने निर्णय गरियो । साथै वडा नं. ६ स्थीत बाँसबारी - डिपो सडक मर्मत गर्न नगर कार्यपालिकाको कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने निणर्य गरियो।

**तपशिल**

| सि.नं. | वडा नं. | विनियोजित रकम |
|---|---|---|
| १. | १ | रु ५ लाख |
| २. | २ | रु ५ लाख |
| ३. | ३ | रु ५ लाख |
| ४. | ४ | रु ५ लाख |
| ५. | ५ | रु ५ लाख |
| ६. | ६ | रु ५ लाख |
| ७. | ७ | रु ७ लाख |
| ८. | ८ | रु ५ लाख |
| ९. | ९ | रु ५ लाख |
| १०. | १० | रु ५ लाख |
| ११. | ११ | रु ५ लाख |
| १२. | १२ | रु ५ लाख |

निर्णय नं. ६ : नगर प्रमुखको चिन भ्रमण सम्बन्धमा।

मिति October 21, 2019 देखी October 26, 2019 सम्म हुन गईरहेको 2019 Chengdu WeGO Smart and Sustainable Training Program का लागि नगर प्रमुख श्री शिवप्रसाद ढकाल ज्यूलाई प्राप्त निमन्त्रणालाई यस कार्यपालिकाको बैठकले अनुमोदन गर्दै उल्लेखित कार्यक्रमका लागि प्रस्थान गर्नुहुने नगरप्रमुखको यात्रा सुखद र उपलब्धिमूलक बनोस भन्ने शुभकामना सहित स्वीकृतीका लागी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिफारीस गर्ने निर्णय गरियो।

निर्णय नं. ७ : दोहोरो कर सम्बन्धमा।

यस नगरपालिकाको आन्तरीक श्रोत अन्तर्गत संचालनमा रहेको खोला ठेक्काका लागि प्रकाशित सूचना बमोजिम कर संकलन गर्ने क्रममा यस नगरपालिका क्षेत्रमा संचालनमा रहेका क्रसर उद्योगहरुले अन्य पालिकाबाट संकलन गरी ल्याई सामाग्रीको रुप परिवर्तन गरी प्रशोधित मालसामानहरु क्रसर उद्योगबाट निकासाहुदा उक्त प्रशोधित वस्तुमा विक्रि कर नलिने व्यवस्थाको लागी निवेदन गरेको हुदा उक्त प्रशोधित खोलाजन्य पर्दाथमा कर लिन मिल्ने वा नमिल्ने सम्बन्धमा आवश्यक निर्देशनका लागि प्रदेश सरकार प्रदेश नम्बर १ को आर्थिक मामिला तथा योजना मन्त्रालयलाई लेखि पठाउने निर्णय गरीयो ।

निर्णय नं. ८ : आर्थिक सहयोग सम्बन्धमा।

सुन्दरहरैंचा नगरपालिका वडा नं. ४ निवासी राजकुमार तामाङकी श्रीमती बन्दना तामाङलाई क्यान्सर रोग लागेकोले निजको उपचारको लागि रु ५०,०००।- आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ : प्राविधिक कर्मचारी सम्बन्धमा।

सुन्दरहरैंचा नगरपालिकाको विकास निर्माण कार्य गर्नका लागी हाल नगर कार्यपालिकाको कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीलाई कार्यबोझका कारण सम्पन्न गर्न कठिनाइ हुने भएकोले ८ जना अ. सव-इन्जिनियर (

सहायक स्तर चौथो) कर्मचारी दैनिक ज्यालादारीमा व्यवस्थापन गर्न नगर कार्यपालिकाको कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

निर्णय नं. १० : क्रमागत योजना सम्बन्धमा।
आर्थिक वर्ष २०७५/०७६ मा स्वीकृत तथा सञ्चालन भएको किस्ती खोला तटबन्धन वडा नं. ११ लाई २०७६/०७७ का लागि क्रमागत योजनाको रुपमा ३६ औँ कार्यपालिकाको निर्णय नं. २ को अधिनमा रहि सञ्चालन गर्ने निर्णय गरियो ।